२०५८.१.१९ को बैठक ले पारित गरेको मापदण्डको प्रारुप

श्री ५ को सरकार
भौतिक योजना तथा निर्माण मन्त्रालय
सडक विभाग

## प्रतिमा स्थापना गर्नका लागि मापदण्ड

पृष्ठभूमी :

सडकमा प्रतिमा स्थापना गर्दा सडक यातायातका क्षेत्रमा राम्रा भन्दा नराम्रा असर नै धरै देखा पर्दछन् । भविश्यमा सडकको चौडाई बढाउन अवरोध गरि विकास अवरुद्ध गर्ने, सवारि चालकको दृष्टि रेखामा अवरोध पुऱ्याई दूर्घटनाको संभावना बढाउने र सवारिको गति घटाई सडकको क्षमता कम गर्ने यसका केहि नकारात्मक पक्ष हुन् । यद्यपि सडकको विचमा रहेको सालिकले कम सवारि साधन चल्ने सडकमा यातायात व्यवस्थापनका लागि केहि सहयोग पुऱ्याउँदछ । तर यो कार्य सालिक विनाको गोलो आईल्याण्डले अझ राम्ररि गर्न सक्दछ ।

सालिक सडकमा राख्ने कुरा सडक यातायात भन्दा जनइच्छा संग बढि सम्वन्धीत छ । आस्थाका चिन्हहरुलाई सब भन्दा महत्वपुर्ण र सबैले देख्ने ठाउँमा राख्ने इच्छाको सन्मान गर्न आवश्यक छ तर यो आकाँक्षा सडक भन्दा बाहिर सुन्दर पार्कमा प्रतिमा स्थापना गरे अझ राम्रो संग पुरा हुन सक्ने बारे सम्वन्धीत सबैले सोच्न आवश्यक छ ।

सडक र यसको छेउ स्थापना गरिने प्रतिमा र सालिकहरुका राम्रा पक्षहरुलाई उजागर गर्न र नराम्रा पक्षहरुलाई कम गर्दै लैजान निश्चित नितिको आवश्यकता देखिएकोले प्रस्तुत मापदण्ड तयार गरिएको हो ।

मापदण्डका शर्तहरु :

१. श्री ५ महाराजाधिराज सरकार तथा राजपरिवारका सदश्यहरुको सालिक राख्ने सम्वन्धमा श्री ५ को सरकार मन्त्री परिषदले निर्णय गरे बमोजिम हुने छ ।

२. बुँदा १ बाहेकका व्यक्तिका सम्वन्धमा जिउँदो व्यक्तिको प्रतिमा राख्न दिइने छैन । कुनैपनि व्यक्तिको शालिक राख्ने प्रकृया उक्त व्यक्ति स्वर्गवास भएको २ बर्ष पछि मात्र थाल्न मिल्ने छ ।

३. सामरिक महत्वको सडक संजाल (Strategic Road Network) अन्तर्गत पर्ने राजमार्ग र सहायक राजमार्ग तथा जील्ला सडकमा प्रतिमा राख्ने सम्वन्धमा:

३.१ सडकहरुको हालको अवस्थाको Carriage Way र पेटी भित्र कुनै पनि व्यक्तिको प्रतिमा राख्न नदिने ।

३.२ सडक चोकलाई विस्तार गरि प्रतिमा राख्ने भए चोकको विचमा कम्तिमा ५० मीटर ब्यासको Island र त्यसको वरिपरी ११ मीटर चौडा सडक, २.५ मीटर चौडा पेटी र अन्य आवश्यक splitter island हरु हुने गरि विस्तार गरिनुपर्ने ।

३.३ सडक चोकलाई विस्तार नगरि प्रतिमा राख्ने भए सडकको Carriage Way बाहिर तर Right of Way भित्र प्रतिमा राख्न दिने तर्फ कार्वाहि गर्न सकिने ।

३.४ तपसिलका व्यक्तिको तपसिलका ठाउँमा प्रतिमा राख्न दिने:

| | | |
|---|---|---|
| ३.४.१ | व्यक्ति, जस्को नामबाट सडकको नामाकरण गरिएको छ | -नामाकरण गरिएको सडक |
| ३.४.२ | राष्ट्रिय विभूति तथा एकपल्ट संवैधानिक अंगको प्रमुख भएका व्यक्ति | - कुनै पनि सडक |
| ३.४.३ | अन्य व्यक्ति | - कुनै पनि सडक |

३.५ बुँदा ३.४.२ र ३.४.३ को हकमा राष्ट्रको लागि के कस्तो योगदान गर्ने व्यक्तिको प्रतिमा कुन राजमार्ग, सहायक राजमार्ग, जिल्ला सडक वा शहरि सडकमा राख्न दिने भनी यस मापदण्डका अन्य शर्तहरु पुरा गर्नुपर्ने गरि श्री ५ को सरकार मन्त्री परिषदले निर्णय गरे बमोजिम हुने छ ।

३.६ बुँदा नं ३.३ अन्तर्गतको प्रतिमा स्थलका लागि Right of Way को २०० मीटर लामो खण्ड प्रतिमा राख्न चाहने पक्षलाई उपलब्ध गराइने छ । उक्त खण्डमा प्रतिमाको पेडेष्टल र प्रतिमा बाहेक पर्खाल लगायत कुनैपनि स्थायी निर्माण कार्य गर्न पाइने छैन ।

३.७ बुँदा नं ३.३ अन्तर्गतको प्रतिमा स्थलका लागि प्रतिमाको पेडेष्टलले ढाकेको भन्दा बाहेक बाँकी ठाउँमा बगैचा बनाई सिगार्नु पर्नेछ । उक्त ठाउँलाई व्यवसायिक प्रयोजनका लागि प्रयोग गर्न र विज्ञापन बोर्ड राख्न पाइने छैन । सडक बाट देखिने गरि उक्त ठाउँमा प्रायोजकको नाम वा लोगो समेत राख्न पाईने छैन ।

४. काठमाडौं उपत्यका लगायत शहरि सडकमा प्रतिमा राख्ने सम्वन्धमा:

४.१ काठमाडौं उपत्यकाको चक्रपथको ग्रिन बेल्टमा कुनै प्रतिमा राख्न नदिने ।

४.२ शहरी सडकको चोकलाई विस्तार गरि प्रतिमा राख्ने भए चोकको विचमा कम्तिमा ३६ मीटर ब्यासको Island र त्यसको वरिपरी ११ मीटर चौडा सडक, २.५ मीटर चौडा पेटी र अन्य आवश्यक splitter island हरु हुने गरि विस्तार गरिनुपर्ने ।

५. प्रतिमा राख्ने पक्षले प्रतिमा राख्न माग गरिएको ठाउँमा सडक विभागले अधिग्रहण गरिसकेको जग्गा बाहेक अन्य जग्गा खरिद, आइल्याण्ड, पेटी र सडक चौडा गर्ने कार्य आफ्नै खर्चमा गर्नु पर्नेछ ।

स्विकृती दिने प्रकृया:

६ प्रतिमा राख्न चाहने पक्षले निम्न विवरण खोलेर सम्वन्धीत डि.स.का.मा निवेदन दिनुपर्ने छ :

६.१ १:५०० स्केलमा प्रतिमा राख्न चाहेको ठाउँको २०० मिटर वरिपरिको नक्सा । नक्सामा सडकको पीच, सोल्जर, पेटी, फर्मेशन तथा पुल, घर र अन्य स्ट्रक्चरका साथै खम्बा, हाइटेन्शन तार, रुख, इत्यादि देखाइनु पर्नेछ ।

६.२ प्रतिमा र त्यसको पेडेस्टलको नाप, राख्न चाहेको ठाउँ, प्रतिमा स्थलको विकास (बगैंचा, आइल्याण्ड, पेटी र सडक चौडा गर्ने कार्य आदि) गर्ने योजना र त्यसकालागि आर्थिक श्रोत ।

६.३ प्रतिमा र वरिपरिको बगैंचाको मर्मत तथा संभार गर्ने योजना र त्यसकालागि आर्थिक श्रोत ।

६.४ २ वर्षका लागि उपर्युक्त योजनाका अनुसार लाग्ने मर्मत तथा संभार खर्च सम्वन्धीत डि.स.का. को धरौटी खातामा राखेको भौचर ।

६.५ प्रतिमा निर्माण गर्न चाहने निकाय र त्यसका आधिकारिक व्यक्ति(हरु) को नाम, पुरा ठेगाना र टेलिफोन नंवर ।

६.६ प्रस्तावित स्थानमा प्रतिमा राख्ने वारे सम्वन्धीत वडा कार्यालय(हरु), गाउँ विकास समिति(हरु) वा नगर पालिका(हरु) को सिफारिस ।

६.७ पछि सडक विस्तारका क्रममा प्रतिमा स्थापना भएको ठाउँवाट सार्ने मन्जुरि ।

७ सम्वन्धीत डि.स.का. ले प्राप्त निवेदन र त्यसका साथ प्राप्त विवरण वारे छानविन गरि उपर्यूक्त मापदण्डहरु सवै पुरा भएको देखिएमा फाइल उठाइ सडक विभाग पठाउने छ ।

८ सडक विभागले आवश्यक ठानेमा प्रतिमा राख्न चाहने पक्षसंग बुँदा ५ मा उल्लेखीत कार्यका लागि लाग्ने खर्चको बैंक ग्यारेण्टी माग गर्न सक्ने छ ।

९ उपर्यूक्त प्रकृयाहरु पुरा भएपछि बुँदा ५ मा उल्लेखीत प्रारम्भिक कार्यका लागि स्विकृति दिन सकिने छ । यस्तो प्रकारको प्रारम्भिक कार्यका लागि स्विकृति सडक विभागवाट सम्वन्धीत डि.स.का. मार्फत मात्र प्रदान गरिने छ ।

१० प्रतिमा राख्न चाहने पक्षले बुँदा ५ मा उल्लेखीत प्रारम्भिक कार्यका लागि स्विकृति पाएको १ वर्षमा उक्त कार्य समाप्त गरि प्रतिमा राख्ने कार्यका लागि पुन: सम्वन्धीत डि.स.का. मा निवेदन दिनु पर्ने छ ।

११ प्रतिमा राख्न चाहने पक्षले निर्माण अवधिभर ट्राफिक व्यवस्थापनको कार्य सम्वन्धित ट्राफिक प्रहरि कार्यालयको निर्देशन वमोजिम गर्नु पर्ने छ ।

१२ यदि प्रारम्भिक कार्यका लागि स्विकृति पाएको १ वर्षमा उक्त कार्य समाप्त नभएमा स्विकृति नविकरण गर्न प्रतिमा राख्न चाहने पक्षले सम्वन्धीत डि.स.का. मार्फत सडक विभागमा निवेदन दिनु पर्ने छ । आवश्यक तयारि भएको नपाइएमा स्विकृति नविकरण नहुन पनि सक्दछ ।

१३ सम्वन्धीत डि.स.का. ले बुँदा ५ मा उल्लेखीत प्रारम्भिक कार्यहरु सवै समाप्त भए नभएको वारे छानविन गरि फाइल उठाइ सडक विभाग पठाउने छ ।

१४ प्रारम्भिक कार्य समाप्त भएको वारे सम्वन्धीत डि.स.का. वाट सिफारिस भएर आएको निवेदन माथी छानविन गरि सडक विभागले प्रतिमा राख्ने कार्यका लागि स्विकृति दिन सक्ने छ । यस्तो प्रकारको स्विकृति सडक विभागवाट सम्वन्धीत डि.स.का. मार्फत मात्र प्रदान गरिने छ ।

मर्मत तथा संभारकालागि व्यवस्था :

१५ साधारणतया प्रतिमा र त्यसको वरिपरि वर्षमा १ पल्ट रंग-रोगन र मर्मत तथा वरिपरिको वगैंचाको वर्ष भरिनै संभार गर्नु पर्ने छ ।

१६ यदि बुँदा ६.३ मा उल्लेखित योजना अनुसार मर्मत संभार भएको नपाइएमा सम्वन्धीत डि.स.का. ले बुँदा ६.४ मा उल्लेखित कोषको प्रयोग गरि मर्मत-संभार गर्न सक्ने छ ।

२०५८.१.१९ को बैठक ले पारित गरेको मापदण्डको प्रारुप

श्री ५ को सरकार
भौतिक योजना तथा निर्माण मन्त्रालय
सडक विभाग

## स्वागत द्वार र प्रवेश द्वार निर्माण गर्नका लागि मापदण्ड

पृष्ठभूमी :

सडकमा प्रवेश द्वार र स्वागत द्वार निर्माण गर्दा सडक यातायातका क्षेत्रमा राम्रा र नराम्रा दुवै असर देखा पर्दछन् । सडकमा चल्ने सवारि साधनको उचाई नियन्त्रण गरि भार (axle load) घटाउने, गाडिको गति कम गर्न चालकलाई मनोवैज्ञानिक दवाव दिने र कुनै ठाउँमा आइपुगेको वारे यात्रुलाई जानकारि गराउने कार्य प्रवेश द्वार निर्माणको राम्रो पक्ष हो भने भविश्यमा सडकको चौडाई बढाउन अवरोध गरि विकास अवरुद्ध गर्ने, सवारि चालकको दृष्टि रेखामा अवरोध पुऱ्याई दुर्घटनाको संभावना बढाउने र छाँट नपरेको प्रवेश द्वारका कारण उक्त क्षेत्रको सुन्दरता कम हुने यसका केहि नकारात्मक पक्ष हुन् ।

प्रवेश द्वार र स्वागत द्वारका सडक यातायातका क्षेत्रमा पर्ने सकारात्मक पक्षहरु अन्य उपाय वाट पनि प्राप्त गर्न सकिन्छ । तथापि द्वारले कुनै पनि स्थानको महत्व बढाउने, द्वार स्थापना गर्ने व्यक्ति वा संस्था वारे धेरैले थाहा पाउने, द्वारको माध्यम वाट समुदायमा कुनै सन्देश सजिलो संग प्रक्षेपण गर्न सकिने जस्ता कारणहरुले यस्ता द्वार निर्माण गर्न पाउनका लागि माग वढ्दै गएको छ ।

प्रवेश द्वार र स्वागत द्वारका राम्रा पक्षहरुलाई उजागर गर्न र नराम्रा पक्षहरुलाई कम गर्दै सैजान निश्चित निनिको आवश्यकता देखिएकोले प्रस्तुत मापदण्ड तयार गरिएको हो ।

मापदण्डका शर्तहरु :

१. श्री ५ महाराजाधिराज सरकार तथा राजपरिवारका सदश्यहरुको नाममा तथा मौसुफहरु संग सम्वन्धित उत्सवको स्मृतिमा प्रवेश द्वार निर्माण गर्ने वारे श्री ५ को सरकार मन्त्री परिषदले निर्णय गरे वमोजिम हुने छ ।

२. बुँदा १ वाहेकका व्यक्तिका सम्वन्धमा जिउँदो व्यक्तिको नाममा स्थायी प्रवेश द्वार निर्माण गर्न नदिने । कुनैपनि व्यक्तिको स्मृतीमा प्रवेश द्वार निर्माण गर्ने प्रकृया उक्त व्यक्ति स्वर्गवास भएको २ वर्ष पछि मात्र थाल्न मिल्ने ।

३ सडकहरुको हालको अवस्थाको Carriage Way भित्र कुनै पनि प्रवेश द्वार निर्माण गर्न नदिने ।

४ स्थायी प्रवेश द्वार निर्माण गर्ने प्रस्तावित ठाउँको दुवै तीर २००/२०० मिटर लामो सडक निम्नानुसारको हुनु पर्ने छ :

४.१ ग्रेड ३ प्रतिशत भन्दा बढि नभएको ।

४.२ अर्धब्यास १००० मिटर भन्दा बढि रहेको ।

४.३ उक्त सडकको Right of way अनुसारको पुरै चौडाईमा अरु केहि निर्माण नभएको ।

४.४ अन्तर्राष्ट्रिय सिमा र त्यसको No man's land नपर्ने ।

५ सामरिक महत्वको सडक संजाल (Strategic Road Network) अन्तर्गत पर्ने राजमार्ग र सहायक राजमार्ग तथा जील्ला सडकमा स्थायी प्रवेश द्वार निर्माण गर्ने प्रस्तावित ठाउँको दुवै तीरको २००/२०० मिटर लामो सडक खण्ड भित्र सडक चोक (intersection) हुनु हुँदैन ।

६ शहरी सडकमा हाल पद यात्रुलाइ बाटो काट्न तोकीएको ठाउँ (zebra crossing) मा पर्नेगरि तथा पदयात्रु पुलको रुपमा समेत प्रयोग हुनेगरि मात्र प्रवेश द्वार निर्माण गर्नु पर्ने छ ।

७ स्थायी प्रवेश द्वार निर्माण गर्ने पक्षले प्रतिमा द्वार राख्न माग गरिएको ठाउँमा सडक विभागले अधिग्रहण गरिसकेको जग्गा वाहेक अन्य जग्गा खरिद तथा पदयात्रु पुल, पेटी र embankment निर्माण गर्ने कार्य आफ्नै खर्चमा गर्नु पर्नेछ ।

८ बुँदा ७ अनुसारको निर्माण गर्दा सो ठाउँमा रहेको पुल वा अन्य स्ट्रक्चरको जग भत्काउन र तिनको जगमा बढि लोड जाने गर्न पाईने छैन ।

९ स्थायी प्रवेश द्वारको भित्री भागको खुला भाग -opening_ को चौडाई र उचाई निम्नानुसारको हुनु पर्ने छ :

९.१ न्यूनतम चौडाई : हाल रहेको formation width मा दुवै तर्फ १ मिटर थप

९.२ राजमार्गमा र सहायक राजमार्गमा उचाई ७ मिटर

९.३ जिल्ला सडकमा र शहरी सडकमा उचाई ५ मिटर

१० तपसिलका व्यक्तिका स्मृतीमा तपसिलका ठाउँमा स्थायी प्रवेश द्वार निर्माण गर्न दिने:

| | | |
|---|---|---|
| १०.१ | व्यक्ति, जस्को नामबाट सडकको नामाकरण गरिएको छ | - नामाकरण गरिएको सडक |
| १०.२ | राष्ट्रिय विभूति तथा एकपल्ट संवैधानिक अंगको प्रमुख भएका व्यक्ति | - कुनै पनि सडक |
| १०.३ | अन्य व्यक्ति | - कुनै पनि सडक |

१०.४ बुँदा १०.२ र १०.३ का हकमा राष्ट्रको लागि के कस्तो योगदान गर्ने व्यक्तिको स्मृतीमा कुन राजमार्ग, सहायक राजमार्ग, जिल्ला सडक वा शहरि सडकमा प्रवेश द्वार निर्माण गर्न दिने भनी यस मापदण्डका अन्य शर्तहरु पालना गर्नु पर्नेपरि श्री ५ को सरकार मन्त्री परिषदले निर्णय गरे वमोजिम हुने छ ।

११ तपसिलका निकायको नाम रहने गरि तपसिलका ठाउँमा स्थायी प्रवेश द्वार निर्माण गर्न दिने:

११.१ राष्ट्रिय स्तरका स्थानीय निकाय, संघ संस्था - राजमार्ग र शहरि सडक

११.२ जिल्ला स्तरका स्थानीय निकाय, संघ संस्था - सहायक राजमार्ग र जिल्ला सडक

११.३ गाउँ स्तरका स्थानीय निकाय, संघ संस्था - जिल्ला सडक

११.४ नगर पालिका - आफ्नो क्षेत्रको शहरि सडक

१२ प्रवेश द्वार निर्माणस्थलका लागि Right of Way को २०० मीटर लामो खण्ड द्वार राख्न चाहने पक्षलाई उपलब्ध गराइने छ । उक्त खण्डमा प्रवेश द्वार र बुँदा ७ का कार्य वाहेक पर्खाल लगायत कुनैपनि स्थायी निर्माण कार्य गर्न पाइने छैन ।

१३ बुँदा नं १२ अन्तर्गतको कार्य पश्चात बाँकि रहेको ठाउँमा बगैचा बनाई सिगार्नु पर्नेछ । उक्त ठाउँलाई व्यवसायिक प्रयोजनका लागि प्रयोग गर्न र विज्ञापन वोर्ड राख्न पाइने छैन । सडक वाट देखिने गरि उक्त ठाउँमा प्रायोजकको नाम वा लोगो समेत राख्न पाईने छैन ।

स्विकृती दिने प्रकृया:

१४ प्रवेश द्वार निर्माण गर्न चाहने पक्षले निम्न विवरण खोलेर सम्वन्धीत डि.स.का. मा निवेदन दिनु पर्ने छ :

१४.१ १:५०० स्केलमा प्रवेश द्वार निर्माण गर्न चाहेको ठाउँको ३०० मिटर वरिपरिको नक्सा । नक्सामा सडकको पीच, सोल्जर, पेटी, फर्मेशन तथा पुल, घर र अन्य स्ट्रक्चरका साथै खम्वा, हाइटेन्शन तार, रुख, इत्यादि देखाइनु पर्ने ।

१४.२ प्रवेश द्वारको नाप, राख्न चाहेको ठाउँ, प्रवेश द्वार स्थलको विकास (बगैंचा, पदयात्रु पुल, पेटी र सडक चौडा गर्ने कार्य ईत्यादि) गर्ने योजना र त्यसकालागि आर्थिक श्रोत ।

१४.३ प्रवेश द्वार तथा वरिपरिको वगैंचाको मर्मत तथा संभार गर्ने योजना र त्यसकालागि आर्थिक श्रोत ।

१४.४ २ वर्षका लागि उपर्यूक्त योजनाका अनुसार लाग्ने मर्मत तथा संभार खर्च सम्वन्धीत डि.स.का. को धरौटी खातामा राखेको भौचर ।

१४.५ प्रवेश द्वार निर्माण गर्न चाहने निकाय र त्यसका आधिकारिक व्यक्ति(हरु) को नाम, पुरा ठेगाना र टेलिफोन नंवर ।

१४.६ प्रस्तावित स्थानमा प्रवेश द्वार राख्ने वारे सम्वन्धीत वडा कार्यालय(हरु), गाउँ विकास समिति(हरु) वा नगर पालिका(हरु) को सिफारिस ।

१४.७ पछि सडक विस्तारका क्रममा प्रवेश द्वार हटाउन सडक विभागले आवश्यक ठानेमा त्यसको लागि मन्जुरि ।

१५ सम्वन्धीत डि.स.का. ले प्राप्त निवेदन र त्यसका साथ प्राप्त विवरण वारे छानविन गरि उपर्यूक्त मापदण्डहरु सवै पुरा भएको देखिएमा फाइल उठाइ सडक विभाग पठाउने छ ।

१६ सडक विभागले आवश्यक ठानेमा प्रवेश द्वार राख्न चाहने पक्ष संग बुँदा ७ मा उल्लेखीत कार्यका लागि लाग्ने खर्चको बैंक ग्यारेण्टी माग गर्न सक्ने छ ।

१७ उपर्यूक्त प्रकृयाहरु पुरा भएपछि प्रवेश द्वार निर्माण गर्न स्विकृति दिन सकिने छ । यस्तो प्रकारको स्विकृति सडक विभागवाट सम्वन्धीत डि.स.का. मार्फत मात्र प्रदान गरिने छ ।

१८ प्रवेश द्वार निर्माण गर्न चाहने पक्षले बुँदा १७ बमोजिम स्विकृति पाएको १ वर्षमा उक्त कार्य समाप्त गरिसक्नु पर्ने छ ।

१९ प्रवेश द्वार निर्माण गर्न चाहने पक्षले निर्माण अवधिभर ट्राफिक व्यवस्थापनको कार्य सम्वन्धित ट्राफिक प्रहरि कार्यालयको निर्देशन वमोजिम गर्नु पर्ने छ ।

२० यदि निर्माण कार्यका लागि स्विकृति पाएको १ वर्षमा उक्त कार्य समाप्त नभएमा स्विकृति नविकरण गर्न प्रवेश द्वार निर्माण गर्न चाहने पक्षले सम्वन्धीत डि.स.का. मार्फत सडक विभागमा निवेदन दिनु पर्ने छ । आवश्यक तयारि भएको नपाइएमा स्विकृति नविकरण नहुन पनि सक्दछ ।

२१ अस्थायी प्रवेश द्वारको हकमा निर्माण गर्ने अवधि समेत गरि प्रवेश द्वारलाई जम्मा १ महिना मात्र सडकमा रहन दिइने छ । यदि उक्त अवधि भित्र प्रवेश द्वार नहटाएमा सम्वन्धित डि. स.का. ले सडकलाई पूर्व अवस्थामा ल्याउन लाग्ने खर्च प्रवेश द्वार निर्माण गर्ने पक्षवाट अशुल गर्ने गरि प्रवेश द्वार हटाउने छ ।

२२ अस्थायी प्रवेश द्वार निर्माण गर्न स्विकृति सम्वन्धीत डि.स.का. मार्फत सम्वन्धीत क्षे. स. नि. वाट प्रदान गरिने छ ।

मर्मत तथा संभारकालागि व्यवस्था :

२३ साधारणतया प्रवेश द्वारको वर्षमा २ पल्ट रंग-रोगन र मर्मत तथा वरिपरिको वगैंचाको वर्ष भरिनै संभार गर्नु पर्ने छ ।

२४ यदि बुँदा १४.३ मा उल्लेखित योजना अनुसार मर्मत संभार भएको नपाइएमा सम्वन्धीत डि.स.का. ले बुँदा १४.४ मा उल्लेखित कोषको प्रयोग गरि मर्मत-संभार गर्न सक्ने छ ।